# धनगढीमाई नगरपालिका
# Dhangadhimai Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive

धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
(कृषि विकास शाखा)

www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238


प.सं.(Letter No.): २०७७/७८
च.नं.(Ref.No.): ३६५

मिति: २०७७।१०।२७

बिषयः सूचना।

धनगढीमाई नगरपालिकको आ.व.२०७७।०७८ मा संघीय सरकारबाट हस्तान्तरित (सशर्त अनुदान) प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको २१ दिन भित्र (मिति २०७७।११।१७ गते) भित्र यस कार्यलयमा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि धनगढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यलय धनगढी, सिरहा (कृषि विकास शाखा) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१. सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
२. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
३. कार्य समितिको निर्णयको प्रतिलिपि।
४. स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि।
५. आ.व.२०७६।०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
६. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
७. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र।

2077/10/26

मिसिलाल साह
शाखा प्रमुख (कृषि)
शाखा प्रमुख